नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय

भक्तपुर

E-Bulletin

वार्षिक

वर्ष-१ आ.व. २०७६/७७ अंक-२

दुई शब्द

जिल्ला प्रशासन कार्यालयले जिल्लामा शान्ति सुरक्षा एवं सुव्यबस्था कायम गर्नका लागि जिल्लास्थित सुरक्षा निकायहरू, स्थानीय तहहरू, सरकारी कार्यालयहरू, संघ संस्थाहरू, राजनैतिक दल एवं नागरिक समाज लगायत विभिन्न सरोकारवाला निकायहरूसँगको समन्वय र सहयोगमा प्रभावकारी रुपमा कार्यसम्पादन गर्दै आइरहेको छ । साथै यस कार्यालयले दैनिक रुपमा नागरिकता वितरण, राहदानी वितरण, विपद् व्यवस्थापन, सार्वजनिक शान्ति विरुद्धका कसुरको नियन्त्रण, उपभोक्ताहित संरक्षण लगायत ऐनले प्रत्यायोजन गरे अनुसारका न्यायिक कार्यहरूकोसमेत शुरु कारवाही र किनारा गर्ने एवं विकास निर्माणका कार्यहरूमा सम्न्वय र सहजीकरण गर्ने कार्य पनि गरिरहेको छ ।

संकटसँग जुध्न गृह मन्त्रालयबाट समयमै प्राप्त हुने निर्देशन तथा कामहरूमा प्राप्त स्पष्ट मार्गनिर्देशनले गर्दा नै कार्यसम्पादन सरल बनेको छ । विशेषगरी कोरोना संकटको अवधिमा सम्बद्ध सबै पक्षबाट पुर्याउनुभएको सहयोगका लागि विशेष आभार व्यक्त गर्दछु साथै आगामी दिनमासमेत पूर्ववत सहयोग एवं समन्वय निरन्तर प्राप्त हुने विश्वास लिएकी छु । जिल्लाको समग्र शान्ति सुरक्षा सामान्य बनाई जनसेवाका लागि पूर्ण प्रतिबद्ध रहने विश्वास दिलाउँछु । कानून विपरितका क्रियाकलाप निरुत्साहित गरी अपराध नियन्त्रणमा कटिबद्ध रहने भनाइ दोहोर्याउदछु ।

अतः यस कार्यालयबाट सम्पादन हुँदै आएका कार्यहरूका सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सरोकारवालाहरूको सूचनाको हकको प्रत्याभूति गर्न एवं पारदर्शी र जवाफदेही हुनको लागि आ.व. २०७६/०७७ को सम्पादन भएका मुख्य मुख्य कार्यहरूको प्रगति विवरण प्रस्तुत ई-बुलेटिनमा प्रकाशन गरिएको छ । आगामी दिनमा समेत कार्यालयले सम्पादन गरेका कामहरू समावेश गरी अर्धवार्षिक/वार्षिक रुपमा ई-बुलेटिन प्रकाशन गरिनेछ । सेवाग्राहीहरू लगायत अन्य सरोकारवाला व्यक्ति तथा निकायबाट प्राप्त हुने सुझाव एवं सल्लाहका आधारमा ई-बुलेटिनलाई थप आकर्षक र उपयोगी बनाई प्रकाशन गरिने भएकोले पृष्ठपोषणका लागि सम्बद्ध सबै पक्षहरूसँग हार्दिक अनुरोध गर्दछु ।

हुमकला पाण्डे
प्रमुख जिल्ला अधिकारी

विषय सूची

परिच्छेद १ ..... १
जिल्लाको सामान्य परिचय १
२.१ भक्तपुर जिल्लाको सामान्य परिचय १
१.१ भौगोलिक स्थिति १
१.२ धरातलीय आकृति १
१.३ भूउपयोगको स्थिति २
१.४ सडक/बाटोघाटो २
१.५ यातायात २
१.६ सञ्चार २
१.७ नदीनाला ३
१.८ वनस्पति तथा वनजङ्गल ३
१.९ मौसमी अवस्था ४
१.१० शिक्षा ४
१.११ धर्म ४
१.१२ आर्थिक स्थिति ४
१.१३ सामाजिक स्थिति ५
१.१४ जातजाति ६
१.१५ भाषा ६
१.१६ पेशा ६
१.१७ स्वास्थ्यसम्बन्धी वस्तुस्थिति ७
१.१८ सहरीकरण (Built up Areas) ७
१.१९ प्रशासनिक गतिविधि ७
१.२० राजनैतिक स्थिति ७
२.२ भक्तपुर जिल्लामा रहेका स्थानीय तहहरू ९
परिच्छेद २ ..... १०
कार्यालयको सामान्य परिचय १०
३.१ कार्यालयको सङ्क्षिप्त परिचय १०
३.२ जिल्ला प्रशासन कार्यालयको उद्देश्य १०
३.३ जिल्ला प्रशासन कार्यालय, भक्तपुरको संगठन संरचना ११
३.४ जिल्ला प्रशासन कार्यालय,भक्तपुरको दरबन्दी तेरिज १२
३.५ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी (जनशक्ति विवरण) १२
३.६ कार्यालयको काम, कर्तव्य र अधिकार १३
३.७ शाखागत कार्य विवरण १४
३.८ गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को कार्यान्वयनको स्थिति १७
३.९ गृह मन्त्रालयबाट समय समयमा गरिएका निर्देशनको कार्यान्व्यन स्थिति १७
३.१० जिल्लाको समग्र सेवा प्रवाह र सुशासन कायम गर्न गरिएका प्रयासहरू १७

३.११ प्रदेश सरकारले दिएका निर्देशन कार्यान्वयवनको अवस्था..... १७
३.१२ प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा घोषित एवं लागु कार्यक्रमहरूको कार्यान्वयनको अवस्था १८
३.१३ जिल्लाको शान्ति सुरक्षाको अवस्था..... १८
परिच्छेद ३ ..... १९
वार्षिकरुपमा सम्पादन गरेको कामको विवरण..... १९
४.१ वार्षिकरुपमा सम्पादन गरेका कामको विवरण (२०७६ श्रावणदेखि २०७७ असारसम्म)..... १९
४.२ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः २०
परिच्छेद ४ ..... २२
विपद् व्यवस्थापनमा गरिएका कार्यहरू..... २२
४.१ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र(DCCMC), भक्तपुरको मुख्य निर्णयहरू..... २२
४.२ भक्तपुर जिल्लामा कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि हालसम्म भए गरेका प्रमुख काम कारवाहीको विवरण २५
४.३ विपद व्यवस्थापनसम्बन्धी कार्यहरुः- २९
४.४ विविध..... ३०
जिल्ला प्रशासन कार्यालय ग्यालरी..... ३१
जिल्ला प्रशासन कार्यालय ग्यालरी..... ३२
भक्तपुर जिल्लाको धार्मिक एवं पर्यटकीय स्थलहरू ३३
जिल्ला प्रशासन कार्यालय, भक्तपुरको सेवाग्राहीहरूसँग विशेष अनुरोध..... ३४
महत्वपूर्ण सम्पर्क नम्बरहरू ३५
भक्तपुर जिल्लामा रहेका स्वास्थ्य संस्थाहरूको विवरण ३६
भक्तपुर जिल्लामा भएका एम्बुलेन्सहरूको विवरण..... ३७
भक्तपुर जिल्लाको नक्साः ३८
परिशिष्ट "क" ३९
भक्तपुर जिल्लाको प्रशासनिक विभाजन..... ३९
परिशिष्ट "ख" ४०
भक्तपुर जिल्लाको प्रमुख सडक..... ४०

परिच्छेद १

जिल्लाको सामान्य परिचय

२.१ भक्तपुर जिल्लाको सामान्य परिचय

ऐतिहासिक तथा सांस्कृतिक वैभवले प्रसिद्ध भक्तपुर जिल्ला नेपालको सबैभन्दा सानो जिल्लाको रुपमा रहेको छ । यसको क्षेत्रफल ११९ वर्ग कि.मी. रहेको छ । यस जिल्ला प्राचीन वास्तुकला र गौरवमय संस्कृतिको अभूतपूर्व समायोजनले सुसज्जित कला नगरी हो । भौगोलिक रुपमा हेर्दा यस जिल्लाको उत्तरी सिमाना मनोहरा नदी, पूर्वमा महादेव पोखरी डाँडाको श्रृङ्खला, दक्षिणमा सूर्यविनायकको पहाडी खण्ड, पश्चिममा मनोहरा नदी रहेको छ। यस जिल्लाको पूर्व र दक्षिण पूर्वमा काभ्रेपलान्चोक जिल्ला पर्दछ भने उत्तर र पश्चिममा काठमाडौं र दक्षिण पश्चिममा ललितपुर जिल्ला रहेको छ। चारवटा नगरपालिका रहेको यस जिल्लामा ३१३ कि.मी. सडक सञ्जाल रहेको छ। भक्तपुर र ठिमी नगरमा नेवारी समुदायको बसोबास रहेको छ भने काठ क्षेत्र र नयाँ बस्ती क्षेत्रमा सबै जात जाति र धर्मालम्बीहरुको बसोबास रहेको छ।

१.१ भौगोलिक स्थिति

भक्तपुर जिल्ला ८५°२१" देखि ८५°३२" पूर्वी देशान्तर र २७°३६" देखि २७°४४" उत्तरी अक्षांशसम्म फैलिएको छ। जम्मा ११९ वर्ग कि.मी. क्षेत्रफल रहेको जिम्मेवारी क्षेत्र भक्तपुर जिल्ला नेपालको सबैभन्दा सानो जिल्ला भनेर चिनिन्छ। यो जिल्ला वागमती अञ्चलमा पर्दछ भने काठमाडौं उपत्यकाको पूर्वी भागमा अवस्थित छ। यस जिल्लाको उत्तरमा काठमाडौं जिल्ला, पूर्वमा काभ्रेपलाञ्चोक जिल्ला र दक्षिण तथा पश्चिममा ललितपुर जिल्ला रहेको छ। प्रशासनिक हिसाबले २ (दुई) वटा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र र ४ (चार) वटा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र र ४ (चार) वटा नगरपालिका रहेका छन्। भक्तपुर जिल्लाको प्रशासनिक विभाजन परिशिष्ट"क"अनुसार रहेको छ। यस जिल्लाको सिमावर्ती ईलाकाको उत्तरमा छापडाँडा, तेलकोट भञ्ज्याङ्ग, पूर्वमा नगरकोट, लामिछाने गाँउ, साँगा र दक्षिण नङ्खेल डाँडा, भ्यालेवेवर, गुण्डु, छैमले डाँडाहरु पर्दछन् भने बाँकी भाग समथर ईलाका पर्दछ।

१.२ धरातलीय आकृति

भक्तपुर जिल्ला उत्तर, पूर्व तथा दक्षिण तीनै भेगबाट पहाडी क्षेत्रले ढाकिएको छ भने बीचमा समथर भू-भाग तथा Built up Area हरु रहेका छन् । यस जिल्लाको सबैभन्दा अग्लो भाग नगरकोट टावर २१६६ मिटर र सबैभन्दा होचो ईलाका हनुमन्ते र मनोहरा खोला दोभान (मध्यपुर ठिमी न.पा.) १३०० मिटरमा पर्दछ। यस जिल्लालाई भौगोलिक बनावटको आधारमा दुई भागमा विभाजन गरिएको छ।

(क) पहाडी क्षेत्र- भक्तपुर जिल्ला उत्तर, पूर्व तथा दक्षिण तीनै भेगबाट पहाडी क्षेत्रले ढाकिएको छ। यी पहाडी क्षेत्रहरु महाभारत पहाडी श्रृङ्खलाका अंश हुन। यहाँको पहाडी खण्डलाई मुख्यतया तीन भागमा विभाजन गर्न सकिन्छ।

अ. उत्तरी पहाडी खण्डः यो खण्डको पश्चिममा चाँगुनारायणको डाँडादेखि पूर्वमा नगरकोटसम्म करिब ९.६ कि.मी. पूर्व पश्चिम फैलिएको छ। यस खण्डको सबैभन्दा अग्लो डाँडा (नगरकोट) को उचाई २१६६ मिटर रहेको छ ।

आ. पूर्वी पहाडी खण्डः भक्तपुर जिल्लाको पूर्वी पहाडी खण्ड, वागेश्वरी र सुडाल डाँडाबाट सुरु भई महादेव पोखरी र सो को दक्षिणी भेगको ताथली नालाछाप, चितपोल तथा सिपाडोलसम्म फैलिएर गएको छ

। यसको फैलावट करिब १२.८ कि.मि. सम्मको रहेको छ र अग्लो भाग वेवर डाँडाको टुप्पो उचाई १९७५ मिटर रहेको छ ।

इ. दक्षिणी पहाडी खण्डः सिपाडोल पहाडी खण्डको पश्चिम कालिटारको पूर्व र चुनदेवीको दक्षिणी भेगलाई दक्षिणी पहाडी खण्डमा विभाजित गर्न सकिन्छ। यो पहाडी ईलाका चुनदेवीबाट उचाई क्रमशः बढ्दै गई गुण्डुको दक्षिणी भेगमा २०२५ मिटरसम्मको उचाईमा पुगेको छ। यस पहाडको लम्बाई करीब ४.८ कि.मि. रहेको छ।

(ख) उपत्यका क्षेत्रः काठमाडौं उपत्यकाको मध्यपूर्वी भागमा अवस्थित यो क्षेत्र उत्तर र पश्चिममा मनोहरा खोला, दक्षिण पश्चिममा गोदावरी र चारखण्डी खोलाको जलाधार रेखा तथा पूर्वमा काभ्रेपलान्चोक जिल्लाको पश्चिमी सिमाना भित्र अवस्थित छ। यस क्षेत्रको जग्गाको भिरालोपन उत्तर, दक्षिण र पूर्वबाट क्रमशः पश्चिमतिर एक देखि पाँच डिग्रीसम्मको छ। त्यसैले मनोहरा नदी, हनुमन्ते खोलालगायतका अन्य खोलाहरु पनि पूर्व, उत्तर र दक्षिणबाट पश्चिमतर्फ बग्ने गरेको छ। भक्तपुर जिल्लाको कूल क्षेत्रफलमध्ये ५० प्रतिशत जमिन यस क्षेत्रमा पर्दछ।

१.३ भूउपयोगको स्थिति

यस जिल्लाको कूल क्षेत्रफलमध्ये ८० प्रतिशत खेतीको लागि उपयुक्त ठहरिएको र बाँकी जमिन नदीनाला, भिरपाखा आदिले ढाकिएको छ। भूउपयोगको आधारमा जिल्लाको क्षेत्रलाई निम्नअनुसार विभाजन गरिएको छ।

तालिका नं.१

वितरण	कृषि क्षेत्र	वनजंगल	झाडी	बसोबास क्षेत्र	वितरण	कृषि क्षेत्र
क्षेत्रफल (वर्ग कि.मि.)	९५.६६	१९.८०	१.५१	१.९६	०.०७	११९
प्रतिशत	८०.३९	१६.६४	१.२७	१.६५	०.०५	१००

१.४ सडक/बाटोघाटो

भक्तपुर जिल्लामा सहरी ईलाका बढि र गाउँ ईलाका कम रहेकोले बाटोघाटोको राम्रो व्यवस्था भएको पाइन्छ। शहरी ईलाकामा कालोपत्रे सडक र ग्रामीण भेगमा कच्ची बाटो रहेको छ । यस क्षेत्रमा पर्ने मुख्य बाटोघाटोहरुमा सामरिक सडक सञ्जालमा पर्ने मनहरा पुल-साँगा खण्डको अरनीको राजमार्ग १५ कि.मि., सल्लाघारी नगरकोट २३ कि.मि. लगायत शहरी सडक ३६ कि.मि., जिल्ला सडक १३१ कि.मि., ग्रामीण सडक २०९ कि.मि. गरी जम्मा ४१४ कि.मि. पर्दछ। यसका अलावा बढ्दो सहरीकरणसँगै बढेको टाउन प्लानिङ्गले जिल्लाको प्रायःस्थानलाई ग्रामीण बाटोको संजालमा जोडी सकेको छ र बस्तीहरुलाई एक आपसमा जोड्ने दुई पांग्रे सवारी साधनको लागि स-साना बाटाहरु पनि प्रशस्त मात्रामा रहेका छन्। भक्तपुर जिल्लामा रहेका मुख्य बाटोहरुको विवरण परिशिष्ट"ख"मा देखाइएको छ।

१.५ यातायात

भक्तपुर जिल्लामा बढी मात्रामा शहरी ईलाका पर्दछ भने केही गाउँ ईलाकाहरु पनि पर्दछन्। शहरी ईलाका भन्दा बाहिरका गाउँ ईलाकाहरुमा पनि बाटोघाटोको सुविधा भएकोले यस क्षेत्रमा सार्वजनिक यातायातका साधनहरु प्रशस्त मात्रामा चल्ने गर्दछन् ।

१.६ सञ्चार

संचारको क्षेत्रमा यस जिल्लामा भएका व्यवस्थाहरु निम्नअनुसार रहेका छन् -

अ. दूर संचारका ल्याण्ड लाईन सुविधाः भक्तपुर जिल्लामा दूरसञ्चारका चारवटा एक्चेञ्जमध्ये भक्तपुरमा, गठ्ठाघरमा, नलिन्चोकमा र नगरकोटबाट प्रशस्त मात्रामा ल्याण्डलाईन टेलिफोन सेवा उपलब्ध हुँदै आएको छ ।

आ. सेलुलर मोबाईलः जिल्लामा नेपाल टेलिकम, NCELL तथा अन्य मोबाईलका सुबिधाहरु रहेका छन् ।

इ. ईन्टरनेट सुविधा नेपाल टेलिकमको ३००० लाईन ADSL ईन्टरनेट सेवाबाहेक यस जिल्लामा प्रशस्त मात्रामा WIFI ईन्टरनेट सर्भिस प्रोभाईडरहरुले अविछिन्न ईन्टरनेट सुविधा उपलब्ध गराउँदै आइरहेका छन् ।

ई. विद्युतीय संचार माध्यमः

अ. एफ.एम.: काठमाडौं उपत्यका भित्र प्रसारण हुने सबै एफ.एम.हरुलगायत काभ्रेपलाञ्चोक जिल्लाबाट प्रसारण हुने केही एफ.एम.हरुसमेत यस जिल्लाका सबैजसो ईलाकाहरुमा सुन्न पाइन्छ ।

आ. केवल टी.भी. नेटवर्कः विशेषत सहरी क्षेत्रमा क्रियाशील रहेका केवल टेलिभिजन नेटवर्कहरुले उल्लेख्य मात्रामा स्थानीयरुपमा केवल टेलिभिजनद्वारा स्वदेशी तथा विदेशी च्यानलहरु प्रसारण गर्दै आइरहेका छन् ।

उ. हुलाक सुविधाः यस जिल्लामा जिल्ला हुलाक कार्यालयअन्तर्गत आठ ईलाका र अतिरिक्त हुलाक सेवा सञ्चालनमा रहेका छन् ।

१.७ नदीनाला

भक्तपुर जिल्लामा मुख्य गरी २ (दुई) वटा साना नदीहरु मनोहरा र हनुमन्ते छन् । जुन नदीहरुमा वर्षातको समय बाहेक अन्य समयमा पानीको मात्रा ज्यादै कम हुन्छ। यसका साथै यस ईलाकामा स-साना खोलानाला तथा पोखरीहरु रहेका छन् । मुख्य नदीबाहेक अन्य खोलानालाहरु हिउँदको समयमा सुख्खा रहने गर्दछन् ।

क. मनोहरा नदीः महादेव पोखरी डाँडाको उत्तरी भागबाट निस्केर काठमाडौं र भक्तपुर जिल्लाको साँधमा बग्दै पश्चिमतिर बग्ने नदीहरुमध्ये सबभन्दा लामो तथा ठूलो नदीको रुपमा मनोहरा खोला पर्दछ । उक्त नदी लोकन्थली पुगेपछि हनुमन्ते नदीमा गएर मिल्दछ ।

ख. हनुमन्ते नदीः यस जिल्लाको दोश्रो ठूलो नदी हनुमन्ते नदी हो। यो नदी महादेव पोखरी डाँडाबाट बगेर नगरकोट डाँडा र बागेश्वरी डाँडाको बीच भागबाट पश्चिमतर्फ बग्दै गएको छ।

ग. अन्य खोलानाला तथा पोखरीहरुः भक्तपुर जिल्लामा खासाङ खुसुङ, तब्याखुसी, फुलबारी, दार्खु, चंखु, डुगे र चारखण्डीजस्ता सानातिना खोलाहरु पनि छन्। यी नदी र खोलाहरुबाहेक सिद्धपोखरी, भाजु पोखरी, कमल पोखरी, नागपोखरी र नगरभित्र अरु धेरै स-साना गरी जम्मा ३५ पोखरीहरु रहेका छन् ।

१.८ वनस्पति तथा वनजङ्गल

यस जिल्लामा वनजङ्गलको कूल क्षेत्रफल १४.४ प्रतिशत रहेको छ । कूल वन क्षेत्रको करिब ६५.३९ प्रतिशत कडा काठको वन क्षेत्र छ भने झाडी क्षेत्र ३४.६१ प्रतिशत रहेको छ । यस जिल्लाका मुख्य वन जंगलमा तेलकोट रिजर्भ फरेष्ट, वागेश्वरी रिजर्भ फरेष्ट तथा राष्ट्रिय प्राणी उद्यान (सूर्यविनायक सामुदायिक वन क्षेत्र) पर्दछ भने अन्य स-साना वन जंगलहरु समेत पाइन्छन्। यी वन क्षेत्रमा चिलाउने, कटुस, सल्लो, मौवा, फलांट, उत्तीस, गुराँस, काफल, चाप, पैंयुँ, रानी सल्लो, खाटे सल्लो, जुरे काफल, खरी आदि पाइन्छन् । नेपाल सरकार मन्त्री परिषद्को मिति २०७१/१०/२६ गतेको बसेको बैठकले सूर्यविनायक तथा आसपासका वन क्षेत्रलाई समेत समेटी राष्ट्रिय प्राणी उद्यान स्थापना गर्ने निर्णय गरी मिति २०७३।०३।०९ गते तत्कालीन प्रधानमन्त्री के.पी. शर्मा वलीले उक्त राष्ट्रिय प्राणी उद्यानको शिलान्याश गर्नु भई निर्माण कार्य भइरहेको छ। यस कार्यले भक्तपुर जिल्लाको जैविक विविधतामा सकारात्मक प्रभाव पार्ने देखिएको छ ।

१.९ मौसमी अवस्था

समशितोष्ण हावापानी भएको यस जिल्लाको औसत् तापक्रम २० देखी ३२ डिग्री सेल्सियस सम्म पुग्दछ। औसत वार्षिक वर्षा १४५० मिलिमिटर हुन्छ ।चैत्र महिनादेखि असोजको प्रारम्भसम्म केही गर्मी, असोजदेखी फाल्गुनसम्म धेरै जाडो (ठण्डी) हुने यो जिल्लाको हावापानी मौसमअनुसार फरक फरक रहने गरेको छ ।

१.१० शिक्षा

जनगणना २०६८ अनुसार ८१.६८ प्रतिशत साक्षरता रहेको भक्तपुरमा पुरुष साक्षरता ९०.४८ प्रतिशत र महिला साक्षरता ७२.६५ प्रतिशत छ। यस्तै भक्तपुरमा सामुदायिक र संस्थागत गरी पूर्व प्राथमिक, प्राथमिक, निम्न माध्यमिक, माध्यमिक, उच्च माध्यमिक र क्याम्पस गरी ७ सय ४९ शिक्षण संस्थाहरु रहेका छन् । त्यसमा सामुदायिकतर्फ ३०५ र संस्थागतमा ४४४ रहेका छन् जसको विवरण निम्नअनुसार देखाइएको छ। यस जिल्लालाई शिक्षा मन्त्रालयले नेपालको पहिलो पूर्ण साक्षर जिल्ला घोषणा गरेको छ।

तालिका नं. २

पूर्व प्राथमिक	प्राथमिक	निम्न माध्यमिक	माध्यमिक	उच्च माध्यमिक	क्याम्पस	जम्मा
४०१	१००	६४	१४९	२४	११	७४९

१.११ धर्म

धार्मिक सहिष्णुता रहेको यस जिल्लामा विभिन्न धर्म मान्ने समुदायहरु बस्ने गरेको पाइन्छ । यी समुदायहरुले आ-आफ्नो धर्म मानेतापनि हिन्दू धर्मको बढी बाहुल्यता रहेको पाइन्छ। भक्तपुर जिल्लाको धर्मअनुसार जनसंख्याको वितरण निम्नअनुसार रहेको छ ।

तालिका नं. ३

धर्म	हिन्दू	बौद्ध	क्रिश्चियन	ईस्लाम	किराँती	अन्य	जम्मा
जनसंख्या	२,६७,६३६	२७,९८२	५,९८८	१,५०६	१,१६७	३६५	३,०४,६५१
प्रतिशत	८७.८५	९.१८	१.९७	०.४९	०.३८	०.१२	१००

अ. **ईसाई धर्म परिवर्तनसम्बन्धी गतिविधिः** जिम्मेवारी क्षेत्रमा करिब ३३ वटा चर्च स्थापना भएको पाइएको छ भने उक्त चर्चहरु मार्फत ईसाई धर्म परिर्वतनसम्बन्धी गतिविधिले व्यापकता पाएको देखिन्छ। राष्ट्रिय जनगणना २०५८ मा ईसाई धर्मावलम्बीको संख्या ७९५ बाट राष्ट्रिय जनगणना २०६८ मा सो संख्या ५,९८८ रहेको छ। जनसंख्या वृद्धिको हिसाबले उक्त संख्या अस्वभाविक रहेको देखिन्छ। जसबाट धर्म परिवर्तनसम्बन्धी गतिविधि अत्याधिक भएको पाइन्छ।

आ. **मस्जिद तथा मदरसाको गतिविधिः** जिम्मेवारी क्षेत्रको तेखाचो, हनुमन्तेघाट र मध्यपुर ठिमी गरी जम्मा ३ स्थानमा मस्जिद तथा मदरसाहरु रहेका छन् । उक्त मदरसा तथा मस्जिदमा सामान्य धार्मिक गतिविधिहरु हुने गरेको छ।

इ. **गुम्बाः** भक्तपुर जिल्लामा ९ वटा गुम्बाहरु रहेका छन् जसमध्ये ४ वटा गुम्बाहरु विदेशीको सहयोगमा बनेको भन्ने बुझिएको छ। उक्त स्थानहरुबाट हालसम्म फ्रि-तिब्बत मुभमेण्टसम्बन्धी गतिविधिहरु नभएको ।

१.१२ आर्थिक स्थिति

भक्तपुर जिल्लामा बसोबास गर्ने प्रायजसो सक्रिय उमेर (१५-५९ वर्ष) का व्यक्तिहरु आर्थिक रुपमा सक्रिय रहेको पाइन्छ। कृषिलाई मुख्य पेशा मानिएको यस जिल्लामा कृषिको अलावा घरेलु उद्योग, व्यापार, नोकरी,

कलकारखाना आदि संचालन गरी जनताहरुले आफ्नो जिविकोपार्जन गर्ने गरेका छन्। यस जिल्लालाई आर्थिकरुपमा सबल र सक्षम बनाउन बैंक तथा वित्तीय संस्थाहरु संचालन भई ऋण प्रवाह गरी उद्योग धन्दाहरु संचालनमा आईरहेबाट यस जिल्लामा अर्थ परिचालनको स्थिती राम्रो रहेको पाइन्छ। यद्यपी समय समयमा भईरहने पेट्रोलियम पदार्थको अभाव तथा बढ्दो लोडसेडिङ्गको समस्याले गर्दा उद्योग धन्दा संचालनमा कठिनाई भई अर्थतन्त्रमा नकरात्मक असर पर्नुको साथै सर्वसाधारणको जनजीवनमा समेत नकारात्मक असर परेको पाइन्छ। यस जिल्ला पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेकोले स्वदेशी तथा विदेशी पर्यटकहरु भित्राउने हेतुले विभिन्न ऐतिहासिक तथा सांस्कृतिक कार्यक्रमहरुमा जोड दिँदै आईरहेको छ तर मिति २०७।०१।१२ गते गएको विनाशकारी भूकम्पको कारण यस जिल्लामा आउने पर्यटकहरुको संख्यामा अत्याधिक कमी भई अर्थतन्त्रमा प्रतिकूल असर परेको छ। यद्यपि भूकम्पबाट क्षति भएका संरचनाहरुको पूनर्निर्माणको क्रम शुरु भएसँगै जिल्लामा रोजगारीका अवसर प्रशस्त भएकोले यस पक्षलाई सकारात्मक रुपमा लिन सकिन्छ। भक्तपुर जिल्लाको औसत प्रतिव्यक्ति आय १३७९ अमेरिकी डलर प्रति वर्ष रहेको छ ।

१.१३ सामाजिक स्थिति

जिम्मेवारी क्षेत्र भक्तपुर जिल्ला नेवार समुदाय तथा नेवारी रहन सहनको पर्यायको रुपमा रहेता पनि यस जिल्लामा अन्य जनजाति तथा धार्मिक आस्था भएका जनताहरु सौहार्दपूर्ण वातावरणमा बसोबास गर्दै आईरहेका छन्। रहनसहनको क्रममा अन्य जनजातिले समेत नेवारी संस्कृतिलाई आत्मसाथ गर्दै संस्कृतीकरणको नमूनाको रुपमा स्थापित भइसकेका छन्।यसको उदाहरण भक्तपुर जिल्लामा नेवार समुदायले मनाउने बिस्केट जात्रालाई अन्य जनजातिले समेत उत्तिकै महत्व दिँदै मनाउने गरेको पाइन्छ। त्यसैगरी सामाजिक चेतनाको सूचकको रुपमा लिइने महिला हिंसाका घटनाहरु समेत यस जिल्लामा न्यून रहेको पाइन्छ। हालसम्म सामुदायिकताको दृष्टिकोणबाट कुनैपनि सामाजिक घटनाहरु जानकारीमा नआएबाट भक्तपुर जिल्लाको सामाजिक स्थिति सामान्य रहेको पाइन्छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कूल जनसंख्या ३,०४,६५१ रहेको छ। यस जिल्लामा अन्य बाहिरी जिल्लाहरुबाट बसाईं सराइ गरी आउने क्रम यथावत रहेको हुँदा यस क्षेत्रमा स्थायी बसोबास गर्नेहरुको संख्या दिनानुदिन बढ्दै गइरहेको पाइन्छ। हाल यस जिल्लाको जनसंख्या विवरण निम्नानुसार रहेको छ ।

अ. भक्तपुर जिल्लाको जनसंख्याको स्थिति

तालिका नं. ४

पुरुषको संख्या	महिलाको संख्या	कूल जनसंख्या	जनसंख्या वृद्धिदर	घर परिवार संख्या
१,५४,८८४	१,४९,७६७	३,०४,६५१	२.९६ प्रतिशत	६८,६३६

आ. पारिवारिक विवरण

तालिका नं. ५

परिवार संख्या	सरदर परिवार सदस्य संख्या	जम्मा	पुरुष	महिला
६८,६३६	४.४४	३,०४,६५१	१,५४,८८४	१,४९,७६७

इ. जनगणना वर्षअनुसार जनसंख्या वृद्धि

तालिका नं. ६

सन् १९८१	सन् १९९१	सन् २००१	सन् २०११
१,५९,७६७	१,७२,९५२	२,२५,४६१	३,०४,६५१

मानव वर्ष विकास प्रतिवेदन २०११ अनुसार भक्तपुरबासीको औसत आयु ७०.८७ बर्ष रहेको छ। भक्तपुरको मानव विकास सूचकांक ०.६२५ रहेको छ । जनगणना २०६८ अनुसार भक्तपुर जिल्लाको जनसंख्याको उमेर समूहअनुसारको विवरण निम्नअनुसार रहेको छ।

तालिका नं. ७

उमेर समूह	१४ वर्षसम्म	१५ देखि ५९ वर्षसम्मका	६० वर्षमाथि	जम्मा
संख्या	७५,५२५	२,०६,२८७	२२,८३९	३,०४,६५१
प्रतिशत	२४.७९%	६७.७१%	७.५०%	१००%

१.१४ जातजाति

बहुल जनजातिहरु बसोबास गर्दै आइरहेतापनि भक्तपुर जिल्लामा नेवार जातिहरुको बाहुल्यता रहेको पाइन्छ भने अन्य जनजातिहरु पनि बसोबास गर्दै आइरहेका छन् । भक्तपुर जिल्लामा बसोबास गर्ने जनसंख्याको जातिगत विवरण निम्नानुसार रहेको छ ।

तालिका नं. ८

विवरण	नेवार	क्षेत्रीय	ब्राम्हण	तामाङ्ग	अन्य	जम्मा
जनसंख्या	१,९१,३२०	५५,४४६	२६,८०९	१४,३१८	१६,७५५	३,०४,६५१
प्रतिशत	६२.८	१८.२	८.८	४.७	५.५	१००

१.१५ भाषा

भक्तपुर जिल्लामा विभिन्न जातिहरु बसोबास गर्दै आइरहेका छन्। यस जिल्लामा नेवार जातिको बाहुल्यता बढी भएकाले आन्तरिकरुपमा नेवारी भाषा बढी बोल्ने गरेको पाइन्छ भने नेपाली भाषा पनि सबैले बुझ्ने र बोल्ने गरेको पाइन्छ। यस जिल्लामा बोलिने भाषा जनसंख्याअनुसार निम्नअनुसार रहेको छः-

तालिका नं. ९

विवरण	नेवारी भाषा	नेपाली	तामाङ्ग	अन्य भाषा	जम्मा
जनसंख्या	१,८५,५३३	१,०४,४९५	११,५७६	३,०४७	३,०४,६५१
प्रतिशत	६०.९	३४.३	३.८	१	१००

१.१६ पेशा

यस क्षेत्रका बासिन्दाहरु उद्योग, नोकरीभन्दा बढी नै कृषि क्षेत्रमा आधारित रहेको पाइन्छ। जिल्लाको जनसंख्यालाई पेशाको आधारमा निम्न अनुसार विभाजन गरिएको छ।

तालिका नं.१०

विवरण	सुरक्षा निकाय (Armed Forces)	प्रबन्धक(Managers)	पेशासम्बन्धी(Professional)	प्राविधिक तथा सम्बद्ध(Technical&Associated)	कर्मचारी(Office Assistance)	व्यापार व्यवसाय(Business)	कृषिज(Agricultural)	कला तथा सम्बद्ध (Craft & Related)	मेशिन चलाउने(Plant & MachinaryOperator)	अन्य पेशा(ElementaryOccupation)	उल्लेख नभएको(Not Stated)

जम्मा जनसंख्या	१२७६०२	१६७२	३६२६	९१२३	६९१२	३६३९	२०२१२	३८५६८	२३९३३	७०७२	८८४९	३९९८
पुरुष	७६०६४	१५९२	२७७८	५३५७	४६५६	२४३३	१३९१३	१५९१२	१५८४७	५७२८	४७९०	२७५८
महिला	५१५३८	८०	८४८	३७६६	१९५६	१२०६	६२९९	२२२५६	८०८६	१३४४	४०५९	१२४०
प्रतिशत		**१.३**	**३.१४**	**७.४४**	**५.७१**	**३.१५**	**१६.१३**	**२९.५२**	**१८.०५**	**५.८४**	**७.२३**	**३.४३**

१.१७ स्वास्थ्यसम्बन्धी वस्तुस्थिति

भक्तपुर जिल्लामा सरकारी अस्पताल २, मेडिकल कलेज तथा रिसर्च सेन्टर १, निजी स्वास्थ्य प्रतिष्ठान ५, निजी स्वास्थ्य संस्था ५, गैह् सरकारी संस्था १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी ७, उपस्वास्थ्य चौकी १२, नियमित खोप क्लिनिक १४७, गाउँघर क्लिनिक संख्या ४३ वटा रहेका छन्।

१.१८ सहरीकरण (Built up Areas)

भक्तपुर जिल्लामा मुख्य Built up Areas मा भक्तपुर नगरपालिका र मध्यपुर ठिमी नगरपालिका रहेका छन्। वर्तमान अवस्थामा विभिन्न ठाउँहरुमा बसाईसराईको कारण भक्तपुरमा दिनानु दिन शहरीकरण बढ्दै गइरहेको देखिन्छ। शहरीकरणतर्फ अग्रसर हुँदै आएका स्थानहरुमा लोकन्थली, कौशलटार, गठ्ठाघर, सूर्यविनायक, जगाती, कमल विनायक, कटुञ्जे, झौखेल, बालकोट आदि प्रमुख छन् । त्यस्तैगरी मनोहरा साँगा खण्डको अरनीको राजमार्गको दक्षिण तथा भक्तपुर दुवाकोट र भक्तपुर चाँगु सडकको आसपासका क्षेत्रमा पनि शहरीकरणको प्रक्रिया अघि बढ्ने गति तीव्र भइरहेको देखिन्छ। शहरीकरणको कारण यस ईलाकामा मिश्रित रुपमा जनजातिहरु बसोबास गर्न थाल्नुको साथै मिश्रित राजनैतिक विचारधारा बोकेका मानिसहरु भक्तपुर जिल्लामा बसोबास गर्न थालेबाट यहाँको राजनैतिक तथा सामाजिक परिवेश थप जटिल बन्दै गइरहेको पाइन्छ ।

१.१९ प्रशासनिक गतिविधि

यस जिल्लाको सरकारी सेवाहरु अविछिन्न र प्रभावकारी रुपमा सर्वसाधारणलाई प्रदान भइरहेको देखिन्छ। विशेषगरी यस जिल्लाको सार्वजनिक सेवाका कार्यालयहरु जिल्लाबासीहरु सबैलाई पायक पर्ने स्थानमा भएको र जिल्लाबासीहरु समेत सार्वजनिक सेवा प्रयोग गर्ने सम्बन्धमा सचेत रहेको कारण प्रशासनिक गतिविधी सामान्य रुपमा संचालन हुँदै आएको छ ।

१.२० राजनैतिक स्थिति

स्थानीय तहको पुनर्संरचना अनुरुप यस जिल्लालाई २ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र, ४ वटा प्रदेश सभा क्षेत्र र ४ वटा नगरपालिकामा विभाजन गरिएको छ। स्थानीय तह, प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनको परिणामअनुसार यस जिल्लामा मुख्य गरी नेपाल मजदुर किसान पार्टी (ने.म.कि.पा.), नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.), राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल) (रा.प्र.पा.नेपाल) लगायत अन्य साना राजनैतिक दलहरु सक्रिय रहेको पाइन्छ। स्थानीय तह निर्वाचन २०७४ मा यस जिल्लामा रहेका ४ वटा नगरपालिकामध्ये ३ वटा सूर्यविनायक, चाँगुनारायण र मध्यपुर

ठिमी नगरपालिका ने.क.पा. एमाले तथा भक्तपुर नगरपालिकामा ने. म. कि. पा. विजयी भएको छ। त्यसैगरी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ को नतिजा निम्नानुसार रहेको छ ।

तालिका नं.११ प्रतिनिधि सभा सदस्यतर्फ

क्षेत्र नं.	उम्मेदवार	राजनैतिक दल	प्राप्त मत	कैफियत
१	प्रेम सुवाल	ने.म.कि.पा.	३३०७६	विजयी
	बाबुराजा जोशी	नेपाली काँग्रेस	१७८१७	निकटम प्रतिद्वन्दी
२	महेश बस्नेत	ने.क.पा.	३६४१२	विजयी
	दमननाथ ढुंगाना	नेपाली काँग्रेस	१८६८७	निकटम प्रतिद्वन्दी

तालिका नं.१२ प्रदेश सभा सदस्यतर्फ

क्षेत्र नं.	उम्मेदवार	राजनैतिक दल	प्राप्त मत	कैफियत
१ क	कृष्णलाल भँडेल	नेपाली काँग्रेस	१३४४९	उप निर्वाचनमा विजयी
	देवीप्रसाद ढकाल	ने.क.पा.	११२०६	निकटम प्रतिद्वन्दी
१ ख	सुरेन्द्रराज गोसाई	ने.म.कि.पा.	२३८८५	विजयी
	रोमन सिलाकार	नेकपा माओवादी केन्द्र	८०६३	निकटम प्रतिद्वन्दी
२ क	शशीजंग थापा	ने.क.पा.एमाले	१९५१५	विजयी
	अंगत खड्का	नेपाली काँग्रेस	९११५	निकटम प्रतिद्वन्दी
२ ख	राजेन्द्रमान श्रेष्ठ	ने.क.पा.एमाले	१४२२९	विजयी
	गणेशमान चक्रधर	नेपाली काँग्रेस	११५३८	निकटम प्रतिद्वन्दी

प्रदेश नं.३ प्रदेश सभा समानुपातिकतर्फ प्रतिनिधित्व गर्ने प्रदेश सांसद

क. प्रतिमा श्रेष्ठ (ने.क.पा.(माओवादी)
ख. सिर्जना सैंजु (ने.म.कि.पा.)
ग. सरस्वती बाटी (ने.क.पा.(एमाले)
घ. रजनी जोन्छे (नेपाली काँग्रेस)

तालिका नं. १३ समानुपातिकतर्फ भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं.१

सि.नं.	राजनीतिक पार्टी	प्राप्त जम्मा मत	कैफियत
१	ने.म.कि.पा.	३००७९	
२	नेपाल कम्युनिष्ट पार्टी (एमाले)	१६३८५	
३	नेपाली काँग्रेस	१०१५८	
४	माओवादी केन्द्र	३२९०	
५	विवेकशील साझा पार्टी	३२२२	
६	राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)	२६६६	
७	राष्ट्रिय प्रजातन्त्र पार्टी	१३९०	

तालिका नं. १४ समानुपातिकतर्फ भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. २

सि.नं.	राजनीतिक पार्टी	जम्मा मत	कैफियत
१	नेपाल कम्युनिष्ट पार्टी (एमाले)	२६३९१	
२	नेपाली काँग्रेस	१५९९५	
३	विवेकशील साझा पार्टी	५७३७	
४	नेपाल मजदुर किसान पार्टी	५४११	
५	एकल चिन्ह गोलाकार भित्रको हसिया हथौंडा लिएको	४११५	
६	राष्ट्रिय प्रजातन्त्र पार्टी	१७९३	

२.२ भक्तपुर जिल्लामा रहेका स्थानीय तहहरू

स्थानीय तह	नगर प्रमुख	उप प्रमुख	केन्द्र
भक्तपुर नगरपालिका	सुनिल प्रजापती	रजनी जोशी	ब्यासी, भक्तपुर
चाँगुनारायण नगरपालिका	सोमप्रसाद मिश्र	बिना बास्तोला	खरीपाटी, भक्तपुर
सूर्यविनायक नगरपालिका	बासुदेब थापा	जुना बस्नेत	कटुन्जे, भक्तपुर
मध्यपुर थिमी नगरपालिका	मदन सुन्दर श्रेष्ठ	अन्जना देवी मधिकर्मी	थिमी,भक्तपुर

परिच्छेद २
कार्यालयको सामान्य परिचय

३.१ कार्यालयको सङ्क्षिप्त परिचय

नेपालको संविधान २०१९ अनुसार नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरियो । स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्थाअनुरुप सञ्चालन गर्न तथा शान्ति र सुव्यवस्थालाई प्रभावकारीरुपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो । उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुरुप यस जिल्लामा पनि जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । हाल यसको कार्यालय जिल्ला भक्तपुर, भक्तपुर नगरपालिका वडा नं. ३, दरबार स्क्वायरमा रहेको छ ।

३.२ जिल्ला प्रशासन कार्यालयको उद्देश्य

जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउ, धनको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको प्रमुख उद्देश्य रही आएको छ । यसका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिको रुपमा रही सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गर्ने समेतका उद्देश्यहरु रहेका छन् ।

३.३ जिल्ला प्रशासन कार्यालय, भक्तपुरको संगठन संरचना



दरबन्दी विवरण

राजपत्राङ्कित	:	१
राजपत्राङ्कित द्वितीय	:	१
राजपत्राङ्कित तृतीय	:	२
राजपत्र अनंकित प्रथम(प्रशासन)	:	७
राजपत्र अनंकित प्रथम(विविध)	:	२
राजपत्र अनंकित प्रथम(लेखा)	:	१
राजपत्र अनंकित द्वितीय	:	४
हलुका सवारी चालक	:	२
कार्यालय सहयोगी	:	७
जम्मा दरबन्दी	:	**२७**

३.४ जिल्ला प्रशासन कार्यालय,भक्तपुरको दरबन्दी तेरिज

सि.नं.	श्रेणी/तह	सेवा	समूह	कायम भएको दरबन्दी	कैफियत
१.	रा.प.प्रथम	प्रशासन		१	
२.	रा.प. द्वितीय	प्रशासन	सा/प्र.	१	
३.	रा.प.तृतीय	प्रशासन	सा/प्र	२	
४.	रा.प.अनं प्रथम	प्रशासन	सा/प्र	७	
५.	रा.प.अनं प्रथम	प्रशासन	लेखा	१	
६.	रा.प.अनं प्रथम	विविध		२	
७.	रा.प.अनं द्वितीय	प्रशासन	सा/प्र.	४	
८.	श्रेणी विहीन (ह.स.चा.)	विविध		२	
९.	श्रेणी विहीन(का.स.)	प्रशासन	सा/प्र.	७	
	जम्मा			२७	

३.५ सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी (जनशक्ति विवरण)

क्र.सं.	पद	कर्मचारीको नाम, थर	सम्पर्क नं.	कार्यरत फाँट	कोठा नं.
१	प्र.जि.अ.	हुमकला पाण्डे	9851217777		१
२	स.प्र.जि.अ.	दुर्गादत्त ढकाल	9851143385		५
३	प्रशासकीय अधिकृत	यज्ञराज जोशी	9860483970	नागरिकता/प्रशासन	३
४	प्रशासकीय अधिकृत	लुमा श्रेष्ठ	9841368408	प्रतिलिपि ना.प्र./राहदानी/मुद्दा	११
५	नायब सुब्बा	नारायण लघु	9840256702	प्र.जि.अ.को सचिवालय	१
६	नायब सुब्बा	विमलकुमार काफ्ले	9845189283	प्रशासन	१८
७	नायब सुब्बा	रामकुमार लम्साल	9841507832	मुद्दा/प्रशासन/राहदानी	१६
८	नायब सुब्बा	नवराज पोखरेल	9849213544	नागरिकता	१८
९	नायब सुब्बा	रुपा निरौला	9842678818	राहदानी	१३
१०	नायब सुब्बा	कुबेर प्रसाद दाहाल	9841393878	मुद्दा	१६
१०	कम्प्युटर अपरेटर	विनोद श्रेष्ठ	9841446724	सूचना प्रविधि	१४
११	लेखापाल	विष्णु राज दाहाल	9851116807	लेखा	४
१२	खरिदार	सावित्राकुमारी राउत (बस्न्यात)	9852835256	मुद्दा	१६
१३	खरिदार	धर्मराज शाही	9848301311	सोधपुछ/दर्ता चलानी	६
१३	खरिदार	सुदर्शन लामिछाने	9841232861	प्रतिलिपि नागरिकता	७
१४	ह.स.चा.	सीताराम प्याकुरेल	9841394579	सवारी	-
१५	ह.स.चा.	रविन्द्र श्रेष्ठ	9841257345	सवारी	-
१६	का. सहयोगी	सावित्री नयाजु	9841702698	प्रति लिपि नागरिकता	७
१७	का. सहयोगी	सन्तोषी न्यौपाने	9861488447	प्र.जि.अ.ज्यूको सचिवालय	१
१८	का. सहयोगी	धारणा विश्वकर्मा	9847144205	सोधपुछ/दर्ता चलानी	६
१९	का. सहयोगी	यादव पौडेल	9843270303	प्रशासन	१५
२०	स्वीपर	रमिता नेपाली	9841605220	सरसफाई	-
२१	माली	राजन घर्ती	9818249063	फुल/वगैचा हेरचाह	-

३.६ कार्यालयको काम, कर्तव्य र अधिकार

कार्यालयले लिएका उद्देश्यहरू प्राप्त गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहेका छन्:-

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने,
- आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन गर्ने,
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने,
- राष्ट्रिय अनुसन्धानसँगको समन्वयमा सूचना सङ्कलन र विश्लेषण गर्ने,
- वंशजको आधारमा नेपाली नागरिकता वितरण गर्ने,
- वैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) वितरण गर्ने,
- नागरिकताको प्रतिलिपि प्रदान गर्ने,
- राहदानी सिफारिस तथा वितरण गर्ने,
- कानून बमोजिम तोकिएअनुसार विभिन्न मुद्दाको शुरु कारवाही र किनारा गर्ने,
- जिल्लास्थित कारागारको व्यवस्थापन गर्ने,
- गैरसरकारी संस्था दर्ता, नवीकरण र नियमन गर्ने,
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने,
- नाबालक परिचयपत्र जारी गर्ने,
- जिल्लामा रहेका शरणार्थीहरूको लगत राख्ने, शरणार्थी परिचयपत्र नबिकरण गर्ने,
- शरणार्थीहरूका लागि यात्रा अनुमति पत्र सिफारिस गर्ने,
- विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन गर्ने,
- जिल्ला भित्र हुने विभिन्न कार्यक्रमको अनुमति एवम् उत्सवहरूमा सुरक्षा व्यवस्था मिलाउने,
- निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवम् पुनःकार्यसञ्चालन अनुमति दिने,
- ड्रोन क्यामेरा (UAV/Drone) उडानको अनुमति दिने,
- जिल्लामा जडान भएका व्यक्तिगत, संस्थागत र सार्वजनिक प्रयोजनका CCTV क्यामेराको लगत राख्ने र सो सम्बन्धी वार्षिक प्रतिवेदन गृह मन्त्रालयमा पेश गर्ने,
- भारतीय तथा ब्रिटिश सेनामा कार्य गरी निवृत भएका व्यक्ति तथा तिनीहरूको परिवारको नाम, थर, उमेर फरक परेको विषयमा सिफारिस लगायत अन्य सिफारिस सम्बन्धी कार्य गर्ने,
- विस्फोटक पदार्थ सिफारिस र नियमन गर्ने,
- रासयानिक पदार्थ आयातको सिफारिश गर्ने,
- सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन गर्ने,
- हातहतियार र खरखजानाको इजाजतसम्बन्धी सिफारिस र नियन्त्रण गर्ने,
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने,
- गुनासो तथा ठाडो उजुरीको सम्बोधन गर्ने,
- आदिवासी जनजाति सिफारिस गर्ने,
- जिल्लाभित्र रहेका नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने,

- विपद् व्यवस्थापन गर्ने,
- भ्रष्टाचार नियन्त्रण गर्ने,
- कल्याण धन र बेवारिसी धनको व्यवस्थापन गर्ने,
- चिठ्ठा, जुवा आदिको नियन्त्रण गर्ने,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण गर्ने,
- लागूऔषध नियन्त्रण गर्ने,
- पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस गर्ने,
- कार्यालय निरीक्षण तथा अनुगमन गर्ने,
- स्थानीय प्रशासनको सञ्चालन गर्ने,
- द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण गर्ने,
- निर्वाचनसम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन गर्ने,
- मुआब्जा निर्धारण तथा वितरण गर्ने,
- आयोजना निर्माणमा सहजीकरण तथा समन्वय गर्ने,
- जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग र समन्वय गर्ने ।

३.७ शाखागत कार्य विवरण

स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखाबाट सम्पादन हुने कार्यहरूः

- नेपाली नागरिकका १६ वर्ष उमेर नपुगेका सन्तानलाई नावालक परिचय पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन तथा अद्यावधिक गर्ने ।
- कर्मचारीहरूको कार्यसम्पादन मूल्यांकनसम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।
- प्रचलित कानूनबकोजिम दुबै नाम, थर भएको व्यक्ति एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गर्ने ।
- कर्मचारीहरूको नियुक्ति, पदस्थापन तथा सिफारिशसम्बन्धी कार्यको व्यवस्थापन गर्ने ।
- प्रक्रिया पूरा भई आएका निवेदन उपर प्रचलित कानून बमोजिम सिफारिस गर्ने ।
- दलित, जनजाति तथा मधेशी प्रमाणितका लागि सम्बन्धित निकायबाट सिफारिस भई आएमा सो को प्रमाणित गर्ने ।
- शान्ति सुरक्षासम्बन्धी विषयहरूमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने ।
- सुरक्षा निकाय, अदालत, संवैधानिक निकायहरू बाहेक सबै सरकारी तथा अर्धसरकारी कार्यालयहरूको निरीक्षण, अनुगमन र नियमनसम्बन्धी कार्य गर्ने ।
- संस्था दर्ता ऐन, २०३४ बमोजिम रीत पुगेका निवेदनउपर प्रारम्भिक कारवाही गरी संस्था दर्ता, नविकरण, विधान प्रमाणितसम्बन्धी कार्य गर्ने ।
- बजार अनुगमन, आपुर्ति व्यवस्था र अत्यावश्यक सेवा संचालन सम्बन्धमा आवश्यक सहयोग गर्ने ।
- संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका संघ संस्थाहरूको अनुगमन गर्ने ।
- विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने ।
- कार्यालयका अन्य भैपरी आउने कार्यहरू गर्ने गराउने ।
- कर्मचारी प्रशासन सम्बन्धित अन्य विविध कार्य गर्ने ।

नागरिकता तथा प्रतिलिपि शाखाबाट सम्पादन हुने कार्यहरूः

- नेपाली नागरिकका १६ वर्ष उमे पूरा भएका सन्तानलाई प्रचलित कानून निर्देशिकाबमोजिम नेपाली नागरिकताको प्रमाणपत्रका लागि प्रमाणपत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।
- वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्रका लागि प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम निर्णयार्थ पेश गर्ने र नियर्णपश्चात वैवाहिक अंगीकृत नेपाली नागरिकताको प्रमाणपत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।
- नेपाली नागरिकताको प्रमाणपत्रमा थर परिवर्तन, पतिको नाम, थर परिवर्तन र संशोधन गर्न प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम निर्णयका लागि पेश गर्ने र निर्णयपश्चात नेपाली नागरिकता प्रमाण पत्र तयारी, व्यवस्थापन र वितरण गर्ने ।
- यस जिल्लाबाट नागरिकता जारी भएको व्यक्तिले सम्बन्धित वडा अध्यक्षको सिफारिससहित नेपाली नागरिकताको प्रतिलिपिका लागि निवेदन दिएमा प्रचलित कानून र गृह मन्त्रालयबाट जारी निर्देशिकाबमोजिम नागरिकताको प्रतिलिपि तयारी, व्यवस्थापन र वितरण गर्ने ।
- तालुक निकाय वा अन्य निकाय/कार्यलयबाट नागरिकतासम्बन्धी विषयमा सोधनी भएकोमा सोको जवाफ पठाउने ।
- नागरिकतासम्बन्धी अभिलेख खोजेका बखत उपलब्ध हुने गरी व्यवस्थित रुपमा राख्ने ।
- यस जिल्लाबाट जारी भएका नेपाली नागरिकता प्रमाणपत्रको सम्बन्धमा अन्यत्रबाट अभिलेख माग भई आएमा सो अभिलेख उपलब्ध गराउने र अन्य जिल्लाबाट नेपाली नागरिकताको जारी भई यस जिल्लामा बसाई सरी आएको नेपाली नागरिकले सम्बन्धित वडा अध्यक्षको सिफारिससहित नेपाली नागरिकता प्रतिलिपिका लागि निवेदन दिएमा प्रचलित कानूनबमोजिम सम्बन्धित जिल्लाबाट अभिलेख माग गर्ने
- नागरिकतासम्बन्धी अभिलेख व्यवस्थापन, प्रविष्टी तथा अद्यावधिक गर्ने ।
- नागरिकतासँग सम्बन्धित अन्य विविध कार्यहरू गर्ने ।

मुद्दा तथा हातहतियार शाखाबाट सम्पादन हुने कार्यहरूः

- प्रचलित कानूबमोजिम दायर हुन आएका मुद्दाहरूमा प्रतिवादीलाई बयान गराई कानूनबमोजिम पुर्पक्षका लागि पेश गर्ने ।
- मुद्दाको मिसिल तथा तत्सम्बन्धी अभिलेख व्यवस्थित र सुरक्षित तवरले राख्ने ।
- पुनरावदेन भएका मुद्दाको सम्बन्धमा सम्बन्धित अदालतबाट मिसिल, तायदातीलगायतका अन्य कुनै कागजातहरू माग भई आएमा सो विवरण तथा कागजात तयार गरी पठाउने ।
- यस कार्यालयबाट भए-गरेका फैसलाको नक्कलप्रति जिल्ला सरकारी वकिल कार्यालयमा पठाउने ।
- मुद्दा प्रतिवादीलाई प्रचलित कानून र आदेशबमोजिम तारेख दिने ।
- मुद्दामा भएका फैसला तथा आदेशबमोजिम कार्यान्वयन गर्न आवश्यक कार्य गर्ने ।
- प्रचलित कानूनबमोजिम हातहतियार इजाजत पत्र नविकरणसम्बन्धी कार्य गर्ने ।
- इजाजत प्राप्त हाहतियारको अभिलेख व्यवस्थित, अद्यावधिक र सुरक्षित राख्ने ।
- व्यक्ति वा संस्थाले हाहियार राख्ने प्रयोजनका लागि सम्बन्धित निकायको सिफारिश पत्र र आवश्यक कागजात संलग्न राखी यस कार्यालयमा निवेदन पेश गरेमा सुरक्षा संवेदनशीलता, औचित्यता र कागजी प्रमाणलाई आधार मानी प्रचलित कानूनबमोजिम जिल्ला सुरक्षा समितिको निर्णयसहित सम्बन्धित निकायमा सिफारिश पठाउने ।
- तालुक निकाय वा सम्बन्धित निकायबाट हातहतियारसम्बन्धी विवरण माग भई आएमा सो विवरण उपलब्ध गराउने ।
- प्रचलित कानूनबमोजिम हातहतियारको अभिलेख हेरी लगत कट्टा गर्ने ।
- मुद्दासँग सम्बन्धित अन्य विविध कार्यहरू गर्ने ।

राहदानी तथा जिन्सी दर्ता शाखाबाट सम्पादन हुने कार्यहरूः

- राहदानी ऐन, नियम र नीति निर्देशनबमोजिम साधारण राहदानी सिफारिश तथा वितरण र द्रुत सेवा सिफारिशसम्बन्धी कार्य गर्ने ।
- राहदानीका लागि नागरिकताको आवश्यक अभिलेखहरू माग गर्ने र पठाउने ।
- राहदानी छपाई गर्न राहदानी विभागमा लैजाने तथा छपाई भएका राहदानीहरू सुरक्षितसाथ ल्याउने कार्यमा सहयोग गर्ने र वितरण गर्ने ।
- राहदानी र राहदानीसँग सम्बन्धित विषयहरूमा सेवाग्राहीलाई परामर्श दिने ।
- कार्यालयको जिन्सी सामानको व्यवस्थापन, भण्डारण र संरक्षण गर्ने ।
- कार्यालयमा खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका जिन्सी सामानहरूको प्रचलित कानूनबमोजिम दाखिला गरी जिन्सी किताबमा आम्दानी बाँध्ने ।
- बैंकमा भएका र मर्मत हुन नसक्ने खालका खर्च भएर नजाने जिन्सी सामानहरूलाई कानूनबमोजिम लिलाम बिक्रिको प्रक्रिया अघिबढाउने ।
- राहदानी तथा जिन्सीसँग सम्बन्धित अन्य विविध कार्यहरू गर्ने ।
- गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखाबाट सम्पादन हुने कार्यहरूः
- कार्यालयमा आएका सेवाग्राहीको गुनासो सुनुवाइ गर्ने ।
- गुनासोको अभिलेख व्यवस्थापन गर्ने ।
- कार्यालयको गुनासो व्यवस्थापनका लागि हेल्प डेस्कमार्फत परामर्श दिने ।
- कार्यालयको सूचना अधिकारी र लैंगिक सम्पर्क व्यक्तिमार्फत गुनासो सम्बोधन गर्ने व्यवस्था मिलाउने ।

आर्थिक प्रशासन शाखाबाट सम्पादन हुने कार्यहरूः

- राजस्व, विनियोजन, धरौटीको आम्दानी, खर्चको श्रेस्ता राख्ने र सो को खर्चको फाँटबारी सम्बन्धित निकायमा पठाउने ।
- कार्यालयका तलव, भत्तालगायतका आर्थिक दायिकत्वहरू भुक्तानी दिने ।
- कार्यालयको लेखापरीक्षण गराउने ।
- लेखापरीक्षणबाट औंल्याइएका बेरुजु रकम असुलउपर गरी बेरुजु रकम फछ्यौंट गर्ने-गराउने र बेरुजु फछ्यौंटको लागि सम्बन्धित निकाय वा कर्मचारीले प्रमाण पेश गरेमा सम्परीक्षण गराउने ।
- तलवी प्रतिवेदन, बजेट सिट र वार्षिक आर्थिक विवरण तयार गर्ने ।
- भुक्तानी आदेश तयार पारी सम्बन्धित निकायमा पेश गर्ने ।
- द्वन्द्वपीडित, बाढीपीडित, आगलागीपीडित र वैदेशिक रोजगारमा मृत्यु हुने व्यक्तिको कानूनी हकदारलाई नियमानुसार राहत तथा क्षतिपूर्ती उपलब्ध गराउने ।
- विपद्वाट घटेका घटनाहरूमा प्रचलित कानून र निर्देशिकाबमोजिम राहत तथा क्षतिपुर्ति वितरणका लागि पेश गर्ने ।

३.८ गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को कार्यान्वयनको स्थिति

- गृह प्रशासन सुधार कार्ययोजना, २०७४ को कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय तथा बागमती प्रदेश कार्यालयबाट प्राप्त निर्देशन अनुसार कार्यान्वयन गर्न/गराउन सम्बन्धीत कार्यालयहरूमा सूचना प्रवाहका कार्यहरू भईरहेको ।
- जिल्लाको समग्र क्षेत्र समेटिने गरीअर्ध वार्षिक कार्य योजना बनाई प्राथमिकता अनुसार सरोकारवाला निकायहरूसँग समन्वय, सहजीकरण र निर्देशन गर्ने कार्यहरू गरिरहेको ।(जस्तैःलागुऔषध, लैङ्गिक हिंसा सम्बन्धी सचेतना, सडकमा बेवारिसे अवस्थामा रहेका ज्येष्ठ नागरिक, महिला, बालबालिकाहरूको सहज व्यवस्थापनका लागि सहजीकरण गरी मानव मुक्त सडक बनाउने नीतिलाई कार्यान्वयन।)
- जिल्ला सुरक्षा योजना २०७६ को तर्जुमा गरी जिल्लाको शान्ति सुरक्षा कायम गर्नको लागि स्थानीय प्रशासन तथा जिल्ला स्थित सुरक्षा निकायहरूसँग समन्वय गरी प्रभावकारी ढंगले कार्य सम्पादन भएको ।

३.९ गृह मन्त्रालयबाट समय समयमा गरिएका निर्देशनको कार्यान्व्यन स्थिति

- गृह मन्त्रालयबाट जारी गरिएका निर्देशनलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित निकायमा कार्यान्वयनको लागि पत्राचार गर्ने र सो को ताकेता गरि कार्यान्वयन गर्ने गरेको ।
- जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयबाट जारि गरिएका निर्देशनहरुलाई सुरक्षा निकायहरुमा निर्देशन प्रवाह र समन्वय गरि पत्राचार तथा सूचना आदान प्रदान गर्ने गरेको ।
- प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा सबै सुरक्षा निकायको नियमित बैठक आयोजना गरि गृह मन्त्रालयको निर्देशन अनुरुप योजना बनाईतत्काल कार्यान्वयन गर्ने गरेको ।

३.१० जिल्लाको समग्र सेवा प्रवाह र सुशासन कायम गर्न गरिएका प्रयासहरू

- सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाउनका लागि हरेक महिनाको ५ गते जिल्ला स्थित कार्यालय प्रमुखहरूको बैठक बोलाई समस्या, चुनौतीहरूका सम्बन्धमा छलफल गरि चुस्त दुरूस्त बनाउन निर्देशन दिने गरेको ।
- जिल्ला स्थित सेवा प्रवाह हुने कार्यालयहरूको रोष्टर सहित तालिका निर्माण गरी अनुगमन गर्ने गरेको ।
- सबै सकारी सेवा प्रदायक कार्यालयहरूमा विद्युतिय बडापत्र,सूचना अधिकारीको व्यवस्था, सोधपुछ कक्ष र नागरिक साहयता कक्षको व्यवस्था गर्न निर्देशन दिएको । सो अनुसार भए/नभएको अनुगमन गरी ताकेता र सम्प्रेषण गर्ने गरेको ।
- अपाङ्ग, ज्येष्ठ नागरिक लगायत राज्यले उच्च प्राथमिकता दिएका व्यक्तिहरूलाई सेवा प्रवाहमा प्राथमिकता दिने गरेको ।
- कार्यालयहरूमा विचौलियाहरूको पहुँचलाई निषेध गर्न सो अनुसारको सेवा प्रवाहको सञ्जाल निर्माण गर्न र कर्मचारी खटनपटन गरी सेवाग्राहीलाई आवश्यक पर्ने फाराम, निवेदन जस्ता कागजपत्र कार्यालयबाटै उपलब्ध गराउने व्यवस्थाको साथै कर्मचारीलाई नै सहजकर्ताको रूपमा व्यवस्था गरिएको ।
- भ्रष्टाचारलाई शुन्य सहनशिलताको प्राथमिकतामा राखि निर्मूल पार्नको लागि गुनासो सुनुवाई, उजुरी गर्ने जस्ता व्यवस्थाहरू गरिएका ।

३.११ प्रदेश सरकारले दिएका निर्देशन कार्यान्वयवनको अवस्था

- प्रदेश सरकारबाट जारी गरिएकानिर्देशनलाई उच्च प्राथमिकतामा राखी सम्बन्धित निकायमा कार्यान्वयनको लागि पत्राचार गर्ने र सो को ताकेता गरि कार्यान्वयन गर्ने गरेको ।

- प्रदेश सरकारबाट दिएका निर्देशनलाई सुरक्षा निकायहरूमा निर्देशन प्रवाह गर्ने र समन्वय गरि कार्यान्वयन गरि रहेको अवस्था रहेको ।

३.१२ प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा घोषित एवं लागु कार्यक्रमहरूको कार्यान्वयनको अवस्था

- प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा घोषित एवं लागु कार्यक्रमलाई उच्च प्राथमिकतामा राखि कार्यान्वयन गरि रहेको ।

३.१३ जिल्लाको शान्ति सुरक्षाको अवस्था

जिल्लाको समग्र शान्ति सुरक्षा र व्यवस्थाका लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल नेपाल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय प्रमुख, तथा सहायक प्रजिअ रहने गरी जिल्ला सुरक्षा समिति रहने कानूनी व्यवस्था रहेको छ । यसै अनुसार भक्तपुर जिल्लामा सुरक्षा समितिले जिल्लाको समग्र शान्ति सुरक्षालगायतका विषयमा नियमित रुपमा समीक्षा गर्दै आवश्यक निर्णयहरू गरिदै आएको छ । यी निर्णयहरूलाई सबै सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायहरूले समन्वयात्मक ढंगबाट कार्यान्वयन गर्रिदै आएको छ ।

कोरोना श्रृजित विश्वव्यापी महामारीको कारणले भक्तपुर जिल्लासमेत प्रभावित बनेको छ । आपराधिक समूह तथा व्यक्तिहरू कानूनी दायरामा ल्याउने काम भईरहेको छ । यस बाहेक जिल्लाको समग्र शान्ति सुरक्षा सामान्य रहेको छ ।आर्थिक वर्ष २०७६।७७ मा ३० पटक जिल्ला सुरक्षा समितिको बैठक भएको छ । यी बैठकले जिल्लाको शान्ति सुरक्षालगायतका विषयमा निर्णय भई सो को कार्यान्वयन गरेको छ ।

परिच्छेद ३

वार्षिकरुपमा सम्पादन गरेको कामको विवरण

४.१ वार्षिकरुपमा सम्पादन गरेका कामको विवरण (२०७६ श्रावणदेखि २०७७ असारसम्म)

यस कार्यालयबाट आ.व. २०७६/७७ मा निम्न अनुसारका नयाँ नागरिकता, प्रतिलिपि नागरिकता, राहदानी सिफारिस तथा वितरण, नावालक परिचय पत्र, संस्था दर्ता, मुद्दा दर्ता तथा फछ्यौंट आदिवासि जनजाति सिफारिस लगायतका कार्यहरू सम्पादन गरिएका छन् । जसको तथ्यगत विवरण निम्न अनुसार रहेको छ ।

कार्यालयबाट नियमितरुपमा सम्पादन गरिने कामको विवरण

१. नयाँ नागरिकता जारी

सि.नं.	नागरिकताको किसिम	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१.	वंशज	६७२६	४२८३	३४०६
२.	वैवाहिक अंगिकृत	७	२	२
३.	जन्मसिद्धका आधारमा ना.प्र. प्राप्त गरेका व्यक्तिका सन्ततिले प्राप्त गरेको वंशजको नागरिकता	-	-	-
	कूल जम्मा	**६७३४**	**४२८५**	**३४०८**

२. नागरिकता प्रतिलिपि जारी

सि.नं.	नागरिकताको किसिम	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१.	वंशज	३०५३	२२७५
२.	वैवाहिक अंगिकृत	-	-
३.	जन्मसिद्धका	-	-
	कूल जम्मा		

३. राहदानी

सि.नं.	कामको विवरण		आ.व. २०७५/७६	आ.व. २०७६/७७ को
१.	राहदानी वितरण		५८९६	४५५९
२.	राहदानी सिफारिस	द्रूत	११८६	८७५
	कूल जम्मा		**७०८२**	**५४३४**

४. नाबालक परिचयपत्र

सि.नं.	कामको विवरण	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१.	नाबालक परिचय पत्र	७६८	५४४	३७७

५. संस्था, छापाखाना तथा पत्रपत्रिका

सि.नं.	कामको विवरण		आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१.	संस्था दर्ता		८३	६२	३०५
२.	संस्था नवीकरण		३४४	३०४	२५०
३.	पत्रपत्रिका दर्ता	अस्थायी	-	-	२
४.		स्थायी	५	४	-
५.		जम्मा	५	४	२
६.	छापाखाना दर्ता		-	-	-
७.	संस्था खारेजी		-	-	-

६. मुद्दा

क्र.सं.	आ.व.	अ.ल्या.	नयाँ दर्ता	जम्मा संख्या	फछ्यौंट संख्या	बाँकी संख्या
१.	२०७३/०७४	३६	२०३	२३९	१४२	९७
२.	२०७४/०७५	९७	२५३	३५०	२१०	१४०
३.	२०७५/०७६	१४०	१५९	२९९	१२६	१७३
४.	२०७६/७७	१७३	१७८	३५१	२०४	१४७

सि.नं.	मुद्दाका प्रकार	दर्ता भएका मुद्दाहरू	फैसला/निर्णय/सदरस्याहा
		आ.व. ०७५/७६	आ.व. ०७६/७७
१.	के.सा.अ./अभद्र व्यवहार	२४४	१९१
२.	जुवा	२१	९
३.	कालोबजार तथा केही अन्य सामाजिक अपराध	२	-
४.	सवारी क्षतिपूर्ति	१९	३
५.	खाद्य ऐनअन्तर्गत	-	-
६.	हातहतियार तथा खरखजाना	१	१
	कूल जम्मा	**२८७**	**२०४**

७. आदिवासी/जनजाति सिफारिस तथा हातहतियारसम्बन्धी विवरण

सि.नं.	कामको विवरण	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७
१.	आदिवासी/जनजाति सिफारिस	७५६	८४६	५४४
२.	हातहतियार ईजाजतपत्र नबीकरण	३६	२२	१६
३.	नयाँ हातहतियार दर्ता	-	-	-
४.	हातहतियार नामसारी	२	-	-
५.	विदेशी सिकारीलाई अस्थायी ईजाजतपत्र जारी	-	-	-
६.	प्रतिलिपि ईजाजतपत्र जारी	-	-	-
७.	अभिलेख कायम गरी ईजाजतपत्र जारी	-	-	-
८.	प्रहरीमा बुझाएको हतियार	-	-	-
९.	रात्रीकालीन व्यवसाय अभिलेखीकरण	-	-	-
१०.	शान्ति सुरक्षाको लागि प्राप्त निवेदन प्रहरीमा पठाई फछ्यौंट भएको	५४६	६३८	४०१

४.२ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

सि.नं.	विवरण	बजेट/आम्दानी	खर्च	बाँकी
१	विनियोजन			
	ब.उ.शि.नं.३१४९२०११३ (चालु)	१८७८४३३४.००	१८३१७५६४.००	४६६७७०.००
	ब.उ.शि.नं.३१४९२०११४ (पूँजीगत)	३५००००.००	१४५२४७०.००	२०४७५३०.००
	राष्ट्रिय परिचय पत्र)			
	ब.उ.शि.नं. ३१४०१०११३(चालु	५७८०००.००	२३०००.००	५५५०००.००
	ब.उ.शि.नं. ३१४०१०११४(पूँजीगत)	३६२०००.००	२३२७३२.००	१२९२६८.००
२	अर्थ बजेट			
	ब.उ.शि.नं.६०१०००११३ (सञ्चित विदा)	२०१३१२१.००	२०१३१२१.००	-
	ब.उ.शि.नं.६०१०००१६३ (औषधि उपचार)	२१८४३४२.००	२१८४३४२.००	-
३	ख-६ (विविध)			
	गत आ.व. अ.ल्या.	९५६९०४२०.१२		
	यस आ.व.को आम्दानी	१६३२७४३.०५		
	जम्मा	९७३२३१६३.१७		
	खर्च (२०७६/७७ को)			

	दैवी प्रकोप राहत	-	७४०००.००	१४८८१३३.३४
	परराष्ट्र मन्त्रालय क्षतिपूर्ति	-	४७४४१७.६०	४६८३२५.४५
	विभिन्न मुआब्जा	-	९४१०३२८६.७८	-
	महिला वालवालिका राहत	-	-	१५०००.००
	भुकम्प २०७२	-	२५०००.००	-
	प्रदेश सरकारबाट प्राप्त	-	५००००.००	-
	भकुम्प दिवस	-	१५०००.००	-
	राष्ट्रिय सूचना आयोग	-	२५०००.००	-
	जम्मा		९५२१६७०४.३८	२१०६४५८.७९
४	धरौटी			
	अत वर्षको अ.ल्या.	२२७८५६६३.८५		
	हालसम्मको आम्दानी	६३३८०३९.००		२९१२३७०२.५०
	जम्मा	२९१२३७०२.५०		
	फिर्ता		३१२४४५०.००	
	सदर स्याहा		४५९८४९५.००	
	जम्मा	२९१२३७०२.५०	७७२२९४५.००	२१४००७५७.५०
५	राजश्व			
	१४२५१ (कम्पनी रजिष्ट्रेशन दस्तुर)	-	-	-
	१४२५७ (हातहतियार इजाजत दस्तुर)	६५५००.००	-	६५५००.००
	१४१५१ (सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय)	-	-	-
	१४२१२ (सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम)	-	-	-
	१४२२४ (परीक्षा दस्तुर)	८००.००	-	८००.००
	१४२२६ (आयात निर्यात दस्तुर)	-	-	-
	संघ संस्था	३१८७००.००	-	३१८७००.००
	१४२२७ (राहदानी दस्तुर)	२२७६०००.००	-	२२७६०००.००
	१४२४९ (अन्य दस्तुर)	२३००.००	-	२३००.००
	१४३११ (न्यायिक दण्ड, जरिवाना र जफत)	४८१६४९५ .००	-	४८१६४९५.००
	१५१११(बेरुजु दाखिला)	९४३२८२८६.७८		९४३२८२८६.७८
	जम्मा			
६	बेरुजु			
	कूल बेरुजु	१७७८३७०.००	५८१५२०.००	११९६८५०.००
	म.ले.प.मा सम्परीक्षणका लागि पेश	आवश्यक प्रमाण कागजहरू संकलन कार्य जारी	-	-
	बाँकी	१७७८३७०.००	५८१५२०.००	११९६८५०.००

परिच्छेद ४

विपद् व्यवस्थापनमा गरिएका कार्यहरू

४.१ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र(DCCMC), भक्तपुरको मुख्य निर्णयहरू

मिति	मुख्य निर्णयहरू
२०७६।१२।२३	• खरिपाटी स्थीत नेपाल विद्युत प्राधिकरणको क्वारेन्टाइन स्थलमा रहेका व्यक्तिहरूको स्वाब परीक्षण गर्दा Negative Report प्राप्त भएकाहरूलाई घर फिर्ता गर्ने । • कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारमा सहयोग समन्वय गर्नको लागि सम्बन्धित स्थानीय तहहरूसँग समन्वय गरी सहजीकरण गर्दै सोको निरन्तर अनुगमन गर्ने । • औषधि उपकरण तथा स्वास्थ्य सामग्री आपूर्तीको लागि स्थानीय तहहरूसँग समन्वय गरी जनस्वास्थ्य कार्यालयले व्यवस्थापन गर्न लगाउने र सोको अनुगमन गर्ने । • अस्पतालहरूमा मापदण्ड अनुसार Isolation बेड संख्या ८७ रहेको । भेन्टिलेरसहितको ICU कक्ष १७ वटा रहेको । सो सम्बन्धमा अन्य अस्पतालहरूसँग छलफल गरी Isolation बेड संख्या र भेन्टिलेरसहितको ICU कक्ष क्रमशः थप गर्दै लैजाने । • हालसम्म जिल्लामा क्वारेन्टाइन राख्न सकिने बेड संख्या २९५ रहेको । स्थानीय तहहरूसँग छलफल गरी क्वारिन्टाईनको संख्या बृद्धि गर्दै लैजाने । • जनस्वास्थ्य कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजारको संयोजकत्वमा, स्वास्थ्य संयोजक श्री डा. रत्न सुन्दर लासिवा (भ.न.पा.), श्री भागिराथ अधिकारी(म.ठि.न.पा.), श्री सत्यकुमार दुवाल(चा.न.पा.) र श्री वसन्तकुमार चापाँगाई (सु.न.पा.) सदस्य रहने गरी PRT(Patient Receiving Team) गठन गरिएको जसले स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरूसमेतको वडा स्तरिय PRT गठन गरी सोको निर्णय CMC मा पठाउने र सोही अनुसार बिरामीहरूलाई अस्पतालसम्म पुर्याउने कार्य गर्ने । • दुवाकोट स्थित काठमाडौं मेडिकल कलेज पब्लिक लिमिटेडसँग रहेको भौतिक पूर्वाधार तथा सेवाहरूलाई कोभिड-१९ संक्रमण नियन्त्रण तथा उपचार केन्द्रको रुपमा संचालन गर्न अत्यावश्यक देखिएकोले निर्णयार्थ सिफारिस गरी CCMC मा पठाउने । • जिल्लामा रहेका स्वास्थ्यसँग सम्बन्धित जनशक्तिलगायत गैर सरकारी निकायहरूका जनशक्तिको जिल्ला स्वास्थ्य कार्यालय मार्फत प्रभाबकारी रुपमा परिचालन गर्ने । • जिल्लाको भूगोल सानो र जनसंख्या धेरै भएको कारण लकडाउनको समय अवधिमा कल कारखाना, उद्योग व्यवसाय र ईटा भट्टा पूर्ण रुपमा बन्द गर्ने । • राहत वितरणसँग सम्बन्धित कार्य गर्न स्थानीय तहलेनै गर्ने भन्ने निर्णय भईसकेकोले व्यक्तिगत, राजनीतिक र सामाजिक आवरणमा राहत वितरणलाई निषेध गरी एक द्वार प्रणाली मार्फत वितरण गर्ने । • अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ती व्यवस्थापनलाई सहज, सरल र व्यवस्थिति बनाउन निरन्तर निगरानी, अनुगमन र निर्देशन गर्ने ।
२०७६।१२।२५	• कोभिड १९ को संक्रमणबाट सुरक्षित रहनको लागि भक्तपुर जिल्लाको लागि आवश्यक पर्ने थप स्वास्थ्य सामग्री ४ वटै नगरपालिका र जिल्ला समन्वय समितिले संयुक्तरुपमा खरिद गर्ने । • भक्तपुर जिल्लामा यस अवस्थामा खाद्य संकट हुन नदिनको लागि ४ वटै नगरपालिकामा खाद्य सामग्रीहरु भण्डारण गर्ने व्यवस्था मिलाउने । • राहत सामग्री वितरण गर्दा विपन्न वर्गहरुको पहिचान गरी लगत तयारी परी वडा तहबाट वितरण गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने । • भक्तपुर जिल्ला भित्र कृषकबाट उत्पादन भएका तरकारीहरु उपभोक्तालाई सहज रुपमा विक्री वितरण गर्न सबै नगरपालिकाहरुले वजारमा व्यवस्थापन गर्ने । • बिस्केट जात्रा मनाउने सम्बन्धमा भिडभाड नगरी अत्यावश्यक पूजा विधिमात्र संचालन गर्ने गरी सम्बन्धित नगरपालिकाहरुले व्यवस्था गर्ने । • भक्तपुर जिल्लामा तयारी अवस्थामा रहेका आइसोलेसन, आइसियु, भेन्टिलेटर बेड र एम्बुलेन्सहरु स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्ण बहादुर मिजारको संयोजकत्वमा सुरक्षा निकायहरुका प्रतिनिधि र स्थानीय तहका स्वास्थ्य संयोजकहरु सहितको टोलीले अनुगमन नियमन गरी सो को जानकारी गराउने
२०७७।०१।०३	• गृह मन्त्रालयबाट प्राप्त भएको निर्देशन एवं परिपत्रहरुको वारेमा जानकारीका साथै छलफल भयो । • यस जिल्लामा कोभिड १९ को प्रतिरोधका लागि हाल सम्मको भएको स्वास्थ्य तयारीका वारेमा छलफल भयो । यसको तयारी सन्तोषजनक रहेको पाइयो । उपकरण एवं औषधिको व्यवस्थापन एवं तयारी स्थानीय तहहरुले अझ ससक्त रुपमा गर्ने । • विस्केट जात्राको बाँकी कार्यक्रमलाई समेत भिडभाड रहित तवरले व्यवस्थापन गर्दै सम्पन्न गराउने । • राहत वितरणको कार्य सम्बन्धित वडाहरुबाट एकद्वारबाट प्रणालीबाट मात्र व्यवस्थापन गर्ने । • जिल्लाको लागि आवश्यक खाद्यान्न भण्डारणको व्यवस्थापन सुरक्षा निकायले गर्ने र सो का लागि आवश्यक श्रोत साधन स्थानीय तहले समेत उपलब्ध गराउने । • Death Body Management गर्नुपर्ने अवस्थामा सुरक्षा निकायले सो को व्यवस्थापन गर्ने । • भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तह संग समन्वय गरी अझ कडाई गर्ने । • मध्यपुर थिमि नगरपालिकाबाट संचालित नेपाल कोरिया मैत्री अस्पतालमा तयार गरिएको PCR मेसिनबाट कोभिड १९ परिक्षण गर्न स्वीकृतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखि पठाउने । • जिल्ला प्रवेश गर्ने सम्पूर्ण सवारी साधनलाई साँगाचोक र मनोहरापूलमा Disinfection गर्ने र आवतजावत गर्ने व्यक्तिको तापक्रम चेक गर्ने । यसका लागि नेपाल रेडक्रस सोसाइटीका साथै मनोहरापूलमा म.थि.न.पा र साँगा चोकमा सु.न.पा.ले सो को व्यवस्थापन गर्ने । • नेपाली सेनाको विरदलगण सुर्यविनायक व्यारेकको प.सं १३६०५।एका।२२।०७६।७७।७ मिति २०७६।१२।२७ गतेको पत्रबाट लेखि आए अनुसार खरिपाटीस्थित क्वारेन्टाइनस्थलमा २०७६।१२।८, ९ र १२ गते विभिन्न देशबाट नेपाल आएका ९६ जनाको व्यवस्थापन र खानपानमा भएको एकमुष्ठ खर्च रु १४,९६,४५०।०० को विल भुक्तानीका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।
२०७७।०१।१२	• कोरोना संक्रमणको जोखिम रोकथाम, नियन्त्रण का लागि अस्पतालहरुमा दैनिक रुपमा चेकजाँच भइरहेको, हाल सम्म चैत्र १ गते २०७६ भन्दा पछाडि नेपाल प्रवेश गरेका ४११ पहिचान भएको ३६१ को परीक्षण गरिएको सवैको रिपोर्ट नेगेटिभ रहेको, भक्तपुरमा रहेका ९ जना मुसलमानहरुको परीक्षण गरी रिपोर्ट नेगेटिभ आएको संकास्पद व्यक्तिहरुको खोजीको कामलाई निरन्तरता दिने । • स्थानीय तह, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालय मार्फत आपूर्ती व्यवस्थापन सहज वनाउन बजार अनुगमन भैरहेको । घरेलु तथा साना उद्योग कार्यालयका प्रमुखको संयोजकत्वमा गठीत आपूर्ति व्यवस्थापन सहजीकरण समितिको कामलाई अझ ससक्त पार्ने । • विकास निर्माण सहज गराउन विकास निर्माणका आयोजनाहरुलाई सहजीकरण गर्दै पास वितरण गरिएको । जिल्लामा हुने विकास निर्माणको गतिविधिका कुनैपनि काममा वाधा अवरोध आउन नदिन जिल्ला समन्वय अधिकारीले समन्वय गर्ने । • भक्तपुर जिल्लामा रहेका इँटाभट्टामा कार्यरत तथा अन्य मजदुरहरुलाई घर पठाउन घर भएकै स्थानीय तह तथा जिल्ला र माननीयहरुको अनुरोधमा समन्वय गरी करिव ५० हजारलाई फिर्ता पठाइएको । बाँकी करिव ३ हजार नेपाली र करिव ३ हजार भारतीयको सन्दर्भमा रोजगारदाता संग समन्वय गरी आवश्यक निर्णय गर्ने । • जिल्लामा कृषकले बाली उठाउने र बाली लगाउने समय भएकोले हुँदा यस अवस्थामा वीउ विजन, मल तथा कृषि उपकरण र जनशक्तिको सहज पहुँचका लागि जिल्ला कृषि कार्यालयका प्रमुखले संयोजन गर्ने ।
